# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
**केन्द्रीय कार्यालय (Central Office)**
**हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)**


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार ११ गते

### निर्वाचन सुरक्षा व्यवस्थाबारे गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूसँग छलफल

यही असार १४ गते दोस्रो चरणमा हुन गइरहेको स्थानीय तहको निर्वाचनको सुरक्षा व्यवस्थाको तयारी तथा मानव अधिकारका विषयहरु सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग र नेपाल सरकारका गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूवीच आज छलफल भएको छ । छलफलमा पहिलो चरणको निर्वाचन अनुगमनका क्रममा आयोगको अनुगमन टोलीलाई केही स्थानमा निर्वाध प्रवेश गर्न रोक लगाइएको, सुरक्षाकर्मीहरुले पर्याप्त आरामको अवसर पाउन नसकेको तथा कार्यवोझ थपिएको, म्यादी प्रहरीको प्रयोग लगायतका विषयमा ध्यानाकर्षण गराइएको थियो ।

छलफलमा आयोगका अध्यक्ष अनूप राज शर्माले निर्वाचनलाई शान्तिपूर्ण, भयरहीत तथा मानव अधिकारमैत्री बनाउन सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुने भन्दै सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन, गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूलाई आग्रह गर्नुभएको छ ।

छलफलका क्रममा गृह सचिव लोकदर्शन रेग्मीले सुरक्षा निकाय मानव अधिकारप्रति सचेत रहेको र सुरक्षा अवस्थाको बारेमा बर्गीकरण सहित सबै तयारी पूरा भएको बताउँदै पहिलो चरणको निर्वाचनमा भएका कमीकमजोरीहरुलाई नदोहोर्‍याउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । छलफलमा आयोगका सदस्यद्वय मोहना अन्सारी, गोविन्द शर्मा पौडेल, सचिव वेद भट्टराई, प्रहरी महानिरीक्षक प्रकाश अर्याल, सशस्त्र प्रहरी महानिरीक्षक सिंह बहादुर श्रेष्ठ, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख दिलिप राज रेग्मी समेतको उपस्थिति थियो ।

.................
मोहना अन्सारी
सदस्य/प्रवक्ता


**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**
**Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal**
**Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org**